श्री मनकामना सामुदायिक वन उपभोक्ता समुह

वाणगंगा न.पा वडा नं. ०१रं ०२, कपिलवस्तु

बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०८/१०

मनकामना सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा स्वीकृत वन कार्ययोजना बमोजिम पुनरुत्पादन कटान र सुधार कटानबाट उत्पादन भई आन्तरिक खपत पश्चात् बाँकी रहेको तथा आ.व.२०७९/८० मा सुधार कटान बाट उत्पादित भई बाँकि रहेको गोलिया काठ यस समूहको घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।साथै संक्षिप्त सूचना मिति २०८३।०८।१० गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको १२.०० वजे भित्र गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदावारको विवरण

वन पैदावारको विवरण											
क्र.स	लट	जात	ग्रेड	थान	कुल परिमाण(क्यू.फि.)	प्रति ईकाइ दर रु.	च्युन्तम मुल्यांकन	घाट नं.	लगत	प्रकार	संकलन खर्च
१	२४-२०८२/८३	साल	A	८	९९.७६	१२५०	१२४७००	२७, २२, २५, ३४, ३९, ६०		RF, TI	प्रति क्यु.फिट रु ८०
			B	६१	४३५.५५	९००	३९१९९५				
			C	१७२	५६२.१५	६००	३३७२९०				
			D	५४	१००.४९	३००	३०१४७				
		कर्मा	B	६	११५.९३	३००	३४७७९				
			C	७	५१.७	१००	५१७०				
		कुसुम	N	११	१३४.७१	१००	१३४७१				
		टुनी	A	१	११.३१	३००	३३९३				
			B	३	३०.८७	२००	६१७४				
		वाझिं	N	६२	६३४.३४	१००	६३४३४				
		वेल	N	३	१६.५९	१००	१६५९				
		वोटघगेरो	N	२	६.४३	१००	६४३				
		विजयसाल	N	३२	२४१.०२	१०००	२४१०२०				
		सतिसाल	N	३	६.४	१६००	१०२४०				
		अन्य	N	११	१९०.४९	१००	१९०४९				
जम्मा				४३६	२६३७.७४		१२८३१६४				

CamScanner

मुक्त बहादुर कार्की
अध्यक्ष

श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह
स्था : २०६७
बाणगंगा-६,८,२४

२	२५-२०८२/८३	साल	A	३	४९.२८	१२५०	६१६००			RF ,BRF, TI	प्रति क्यु.फिट रु ८०
			B	३६	३०६.६७	९००	२७६००३				
			C	१४७	४८३.६२	६००	२९०१७२				
			D	४८	९०.३	३००	२७०९०				
		असना	A	५	१८१.७८	४००	७२७१२				
			B	४	४८.४५	३००	१४५३५				
			C	३	२३.४१	१००	२३४१				
		विजयसाल	N	११	८४.९७	१०००	८४९७०				
जम्मा				२५७	१२६८.४८		८२९४२३				

१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८३/०९/०१ (ख) समय :- दिनको ठीक ४:०० वजे सम्म (कार्यालय समय भित्र)।

२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) (क) अन्तिम मिति :- २०८३/०९/०२ (ख) दिनको ठीक १२:०० वजे सम्म।

(ख) बोलपत्र फारम प्रति लटको रु १०००, २०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय तथा डिभिजन वन कार्यालय, कपिलवस्तुबाट खरिद गरी समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य वैक, तौलिहवा शाखा, कपिलवस्तुमा रहेको चल्ती खाता नं.-३११०१०००१०३१७००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा वैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्ने छ ।

४) लिलाम विक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गईहेर्न सकिनेछ ।

५) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६) निर्धारित गरिएको न्यूनतम संख्याको र रीतपुर्वक पर्न आएका सवै बोलपत्रहरु मिति २०८३/०९/०२ गते दिउँसो ३.०० वजे समुहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ।

७) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

८) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहमा हुनेछ ।

१०) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा क्रमशः सोहि बमोजिम हुनेछ ।

११) खाम सिलवन्दी नभइ प्राप्त हुन आएको वोलपत्र मान्य हुने छैन।

CamScanner

मुक्त बहादुर कार्की
अध्यक्ष

१२) एउटा व्यक्तिले एउटा फर्म, उद्योगको तर्फबाट मात्र निवेदन लिएर बोलपत्र फाराम खरिद तथा दाखिला गर्न पाउने छ । फर्म, उद्योगको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक बाट प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । एउटै व्यक्तिले कुनै लटमा एक फर्मको र कुनै लटमा अर्को फर्मको तथा एउटै लटमा अलग अलग फर्म, उद्योगको प्रतिनिधि भई बोलपत्र फाराम खरिद तथा दाखिला गर्न पाइने छैन । एउटै व्यक्ति एक भन्दा बढी फर्म, उद्योगको प्रतिनिधि भई बोलपत्र खरिद तथा दाखिला गरेको पाइएमा निजलाई यस समुहबाट पछि हुने कुनै किसिमको लिलाम बिक्रिमा समावेश हुन नपाउने गरी समुहले प्रतिवन्ध लगाउने छ ।

१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

CamScanner

काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

नागरिक

दैनिक

वर्ष १८, अंक १७८, पृष्ठ ८, बिहीबार, १० मंसिर २०८३, मार्ग कृष्णपक्ष द्वितीया, Thursday, 26 November 2026, नेपाल संवत् ११४७, मूल्य- २०/-

काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/१० गते

श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह बाणगंगा नगरपालिका १ र २, कपिलवस्तुको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भएको असना र अन्य जातको १६४ थानको १७७८.४० क्यू.फिट गोलिया काठ र आ.व. २०८२/०८३ मा उत्पादन भई आन्तरिक खपत हुन नसकेको साल जातको गोलिया काठ थान ५२९ को २१२७.८२ क्यू.फि. घाटगद्दीमा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे सम्ममा गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

श्री मनकामना सामुदायिक वन उपभोक्ता समुह

वाणगंगा न.पा.- १ र २, कपिलवस्तु

सम्पर्क नं. ९८४७०८३१०४ (अध्यक्ष)